मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

## विज्ञापन कर संकलनको ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्वन्धी १५ दिने सूचना ।

प्रकाशित मितिः २०८१/११/१५

अन्तर-सरकारी वित्त व्यिस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा ३ बमोजिम र मनहरी गाउँपालिका आर्थिक ऐन,२०८१ को दफा ६ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित दर अनुसार विज्ञापन करको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले मिति २०८१/११/११ को निर्णयानुसार ईच्छुक दर्तावाला व्यक्ति, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विवरण | चालु आ.ब.को दर | कैफियत |
|---|---|---|---|
| १ | प्रचार तथा विज्ञापन कर | | |
| | ब्यवसायीक दृष्टिकोणवाट प्रचार गर्न टाँसिने वा राखिने प्रत्येक ग्लूबोर्ड, साईनबोर्ड, होर्डिङ बोर्ड आदिमा निम्न बमोजिम कर लाग्नेछ | | |
| क. | होर्डिङ बोर्ड सार्वजनिक स्थानहरुमा वार्षिक प्रति वर्गफूट | १००.०० | |
| ख. | होर्डिङ बोर्ड फ्लेस बोर्ड निजी स्थानहरुमा वार्षिक प्रति वर्गफूट | ५०.०० | |
| ग. | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता, सटर वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति वर्गफुट | २५.०० | |
| घ. | विद्युत, सोलार वा टेलिफोन पोलमा वार्षिक प्रति वर्गफूट | ७५.०० | |
| ङ. | मेला स्थलमा कपडाको तुल र फ्रेम नगरिएको फ्लेस ब्यानर प्रति थान प्रति हप्तामा | १५०.०० | |
| • | ब्यवसाय प्रवर्धनको लागि प्रति ब्यवसायी प्रति पसल २० वर्गफुट सम्मको १ थान बोर्ड निशुल्कः वा सो भन्दा वढि गा.पा.को स्वीकृतिमा प्रति एक थान माथिको दररेटमा | | |

शर्तहरु

१. यस बमोजिमको ठेक्कामा चालु आ.ब.का लागि मु.अ.कर वाहेको रु.१,००,०००.०० न्यूततम अंक तोकिएको छ । निवेदनमा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

२. सो अंकमा वढावढको आधारमा सवैभन्दा वढि कबोल गर्ने निवेदको ठेक्का स्वीकृत हुनेछ । कार्यालयलाई उपयुक्त लागेमा कबोल रकममा कम्तीमा वार्षिक १०% थप हुने गरी ठेक्का संझौता भएको मितिले ३ वर्ष सम्म ठेक्का संझौता नविकरण गर्न सकिनेछ ।ठेक्का नविकरण हुने भएमा ठेक्का समाप्त हुनु भन्दा १ महिना अगाडि नै पुरा रकम कार्यालयले तोकेको खातामा वुझाउनु पर्नेछ ।

३. फर्मको हकमा दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र प्रमाणित प्रतिलिपि, सहित तोकिएको समयभित्र वार्षिक कबोल रकम अंक र अक्षरमा खुल्ने गरी निवेदन दिन सकिने छ ।

४. निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ। निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. कर संकलनका लागि प्रयोग हुने नगदी रसिद कार्यालयको छाप लगाई प्रमाणित गराई प्रयोगमा ल्याउनु पर्नेछ ।

६. कार्यालयले दिएको निर्देशन जुनसुकै कारण जनाई वा नजनाई नमानेमा, अटेर वा आलटाल गरेमा तत्काल ठेक्का स्थगित गर्ने, शर्त नमाने सम्म कार्यालय स्वयमले कर संकलन गर्ने वा ठेक्का रद्द गर्ने अधिकार कार्यालयमा रहनेछ । यस विषयमा सकार कर्ता/ठेकेदारले कहिँ कतै उजुरवाजुर वा कुनै किसिमको मागदावी गर्न पाउने छैन ।

७. अन्य व्यवस्था प्रचलित कानुन बमोजिम तथा कानुन बमोजिम हुने गरी आपसी सहमतीका आधारमा हुनेछ ।

२०८१/११/१५

नि. प्रमुख प्रशासकिय अधिकृत